# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मितिः २०८३।०१।०२ गते ।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको ।

जिल्ला रूपन्देही, सम्मरीमाई गाउँपालिका, वडा नं. ५, सिद्धनाथमा निर्माणाधीन शीतभण्डारको गलत कार्यसम्पादन प्रतिवेदन बनाई रकम भुक्तानी लिएको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ.व. २०७६/७७ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तरगत कृषि तथा पशुपन्छीजन्य उद्योग, यन्त्र तथा पूर्वाधार विकासतर्फको शीतभण्डार निर्माण अनुदान कार्यक्रम बमोजिम श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र भवानी स्वावलम्बन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, सम्मरीमाई-५, रूपन्देही बीच मिति २०७६ साल जेष्ठ १४ गते कुल लागत रू.५,४३,७९,९३९।- (पाँच करोड त्रिचालीस लाख उनासी हजार नौ सय उन्नचालीस रूपैयाँ) रहेको शीतभण्डार (Cold Store) निर्माण अनुदान कार्यक्रमको सम्झौता परियोजनामा कुल लागतको ७५ प्रतिशतले हुन आउने रकम रू.४,०७,८४,९५४।- (चार करोड सात लाख चौरासी हजार नौ सय चौउन्न रूपैयाँ) मन्त्रालयले व्यहोर्ने र २५ प्रतिशतले हुन आउने रकम रू.१,३५,९४,९८४।- (एक करोड पैंतीस लाख चौरानब्बे हजार नौ सय चौरासी) सहकारी संस्थाले व्यहोर्ने उल्लेख गरी ९(नौ) वटा विभिन्न सहकारी संस्थाहरुले शीतभण्डार निर्माणका लागि लगानी गर्ने निर्णय भएको देखिएको, अनुदान सम्झौताअनुसार ५०० मेट्रिक टन क्षमताको शीतभण्डार निर्माण कार्यको परामर्श तथा नापजाँच कार्य MEGA MINDS Architects and Structure Pvt. Ltd ले गरेको, सोही संस्थाले डी.पी.आर. बनाउने र मूल्याङ्कन गर्ने दुवै काम गरी अस्वभाविक लागत अनुमान भएको डी.पी.आर. लगायत कागजात मन्त्रालयबाट स्वीकृत गरी/गराई सार्वजनिक खरिद ऐन तथा नियमावली विपरित खुला प्रतिस्पर्धा बिना सोझै खरिद गरी गराई, गलत नापजाँच प्रतिवेदन र झुट्टा बिलको आधारमा सम्पन्न भए/गरेको कामको बस्तुनिष्ठ चेकजाँच र परीक्षण विना नै बदनियतपूर्वक रू.७१,९७,९८०।०६ (एकहत्तर लाख सन्तानब्बे हजार नौ सय असी रूपैया छ पैसा) भुक्तानी गरी/गराई हाल सो योजना अपूर्ण, जिर्ण तथा प्रयोगबिहिन अवस्थामा भए/रहेको देखिएको, जसले गर्दा हालसम्म निर्माण गरिएको संरचना कुनै पनि प्रयोजनको लागि उपयोग गर्न सक्ने अवस्थासमेत नरहेको देखिंदा उक्त कार्यमा संलग्न देहायबमोजिमका प्रतिवादीहरू उपर देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेशका तत्कालीन **सचिव बैकुण्ठ अधिकारी** | रू.७१,९७,९८०।०६ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. एकहत्तर लाख सन्तानब्बे हजार नौ सय असी रूपैयाँ छ पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय |

| | | | |
|---|---|---|---|
| | | | (च) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन तथा निज लुम्बिनी प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा सचिव पदमा रही कार्य गरेको देखिंदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुनसमेतको मागदाबी लिइएको छ। |
| २. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेशका तत्कालीन बरिष्ठ कृषि विकास अधिकृत **श्रीधर ज्ञवाली**, तत्कालीन कृषि प्रसार अधिकृत **मुकेश रामजाली नेपाली**, तत्कालीन लेखा अधिकृत **लक्ष्मण पौडेल** र तत्कालीन सह-लेखापाल **अजय मिश्र** | जनही रू.७१,९७,९८०।०६ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. एकहत्तर लाख सन्तानब्बे हजार नौ सय असी रूपैयाँ छ पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| ३. | **Mega Minds Architects and Structure Pvt. Ltd.** र सो फर्मका संचालक **सुगम कोइराला** | रू.७१,९७,९८०।०६ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा मुख्य कसुरदारहरूलाई बिगो रू. एकहत्तर लाख सन्तानब्बे हजार नौ सय असी रूपैया छ पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुने सजायलाई आधार लिई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्याँश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |
| ४. | भवानी स्वावलम्बन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका व्यवस्थापक **अशोक कुमार तिवारी**, तत्कालीन अध्यक्ष **जयराम गडेरिया**, कृष्ण स्वावलम्बन बचत | रू.७१,९७,९८०।०६ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा मुख्य कसुरदारहरूलाई बिगो रू. एकहत्तर लाख सन्तानब्बे हजार नौ सय असी रूपैया छ पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को |

| | | | |
|---|---|---|---|
| | तथा ऋण सहकारी संस्था लिमिटेडका तत्कालीन अध्यक्ष **अशोक कुमार त्रिपाठी,** नवदुर्गा स्वावलम्बन बहुउद्देश्य सहकारी संस्था लिमिटेडका तत्कालीन अध्यक्ष **दुर्गाप्रसाद कुर्मी**, तत्कालीन व्यवस्थापक **जितेन्द्र यादव**, वैष्णो माता स्वावलम्बन बचत तथा ऋण सहकारी संस्था लिमिटेडका तत्कालीन व्यवस्थापक **कृष्णकुमार सिंह,** जनकल्याण स्वावलम्बन बचत तथा ऋण सहकारी संस्था लिमिटेडका तत्कालीन अध्यक्ष **फुलमन भर**, गौतम वुद्ध स्वावलम्वन बचत तथा ऋण सहकारी संस्था लिमिटेडका तत्कालीन **अध्यक्ष ओम प्रकाश गुप्ता**, जन उत्थान स्वावलम्बन बचत तथा ऋण सहकारी संस्था लिमिटेडका तत्कालीन अध्यक्ष **राम मिलन तिवारी** र मर्चवारी देवी स्वावलम्वन बचत तथा ऋण सहकारी संस्था लिमिटेडका तत्कालीन व्यवस्थापक **बिष्णु प्रसाद चाई सहनी** | | उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुने सजायलाई आधार लिई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्याँश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |
| ५. | मर्चवारी स्वावलम्वन बचत तथा ऋण सहकारी संस्था लिमिटेडका तत्कालीन अध्यक्ष स्व. श्याम सुन्दर यादवको हकवाला श्रीमती **इनरावती यादव** र जन | जनही रू.७१,९७,९८०।०६ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा मुख्य कसुरदारहरूलाई बिगो रू. एकहत्तर लाख सन्तानब्बे हजार नौ सय असी रूपैयाँ छ पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को |

| | | | |
|---|---|---|---|
| | उत्थान स्वावलम्वन बचत तथा ऋण सहकारी संस्था लिमिटेडका तत्कालीन अध्यक्ष स्व. कतबारू गोसाईको हकवाला श्रीमती **राजपति गोसाई** | | उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुने सजायलाई आधार लिई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांँश बमोजिम प्रतिवादीहरू श्याम सुन्दर यादव र कतबारू गोसाईलाई मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिनुपर्ने देखिए तापनि निजहरूको मृत्यु भएको मृत्युदर्ता प्रमाणपत्रबाट खुलेको हुँदा फौजदारी न्यायको मान्य सिद्धान्त बमोजिम निजहरू उपर फौजदारी कसुरमा कैदको सजाय मागदाबी लिनुपर्ने अवस्था नरहे तापनि मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को दफा १३३ को उपदफा (२), सोही संहिताको दफा १५८ को उपदफा (२), अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९क. र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ बमोजिम मृत्यु भएको प्रतिवादीको हकमा समेत मुद्दा चलाउन र सरकारी वा निजि बिगो, क्षतिपूर्ति वा रकम भराउन सकिने कानुनी व्यवस्था रहेकोले निज प्रतिवादीहरूले जिवित हुँदा माथि उल्लिखित कसुर गरी नेपाल सरकार/प्रदेश सरकारलाई हानिनोक्सानी पुऱ्याएको बिगो रू. एकहत्तर लाख सन्तानब्बे हजार नौ सय असी रूपैयाँ छ पैसा निजहरूको श्रीमती इनरावती यादव र राजपति गोसाई समेतबाट बिगो असूल उपर गर्ने प्रयोजनार्थ मात्र प्रतिवादी कायम गरिएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने